# अफवाह, चासो र प्रत्यूक्तर

२२ जुन २०२१

संस्करण ५

## भौतिक दूरी कायम गर्न सके मास्क पनि लगाइरहन नपर्ने कुरा सत्य हो ?

यो कुरा सत्य होइन । यदि तपाईंले भौतिक दूरी कायम गर्नुभएपनि कोभिड–१९को कारक भाइरस सार्स–कोभि–२ को फैलावट निवारण र नियन्त्रण गर्ने विस्तृत उपायहरुको एउटा अंशको रुपमा तपाईंले मास्क पनि लगाउनुपर्छ । निवारण र नियन्त्रणका अन्य उपायहरुमा साबुनपानीले हात धुने, अनुहारमा नछुने, खोक्दा वा हाच्छ्यूँ गर्दा नाक र मुख कुहिनाभित्र वा रुमालले छोप्ने, र बन्द कोठामा हावा आउनजानका लागि पर्याप्त व्यवस्था रहेको सुनिश्चित गर्ने रहेका छन् ।

संक्रमण रोक्न निवारणको एउटा मात्र उपाय पर्याप्त हुँदैन । सबैको सुरक्षा सुनिश्चित गर्नका लागि यी सबै उपायहरु एकसाथ अवलम्बन गरिनु ज्यादै महत्वपूर्ण छन् ।

## सामान्य रुघाखोकी लागेको समयमा संकलन गरिएको स्वाब नमूनामा पनि कोभिड–१९ पोजिटिभ देखिन्छ

यो सत्य होइन । कोभिड–१९ र सामान्य रुघाखोकी दुवै भाइरस (विषाणु)का कारण हुनेगर्छन् । कोभिड–१९ सार्स–कोभ–२ नाम गरेको भाइरसबाट हुन्छ भने सामान्य रुघाखोजी हुनुको कारण प्रायः राइनोभाइरस हो । त्यसैकारण, सामान्य रुघाखोकी नितान्त फरक भाइरसबाट सर्ने भएको हुनाले सामान्य रुघाखोकी लागेको समयमा लिइएको स्वाब नमूनाले पिसिआर परीक्षणमा कोभिड–१९ पोजिटिभ देखिंदैन । साथै, यस्तो परीक्षणले नमूनामा कोभिड–१९ को वास्ताविक अनुवांशिक तत्व छ वा छैन भनेर पहिचान गर्छ ।

## हावाबाट सर्ने नयाँ भेरियन्टको पहिचान भएको छ

आजसम्म हामीलाई प्राप्त जानकारीमा कोभिड–१९ का सबै भेरियन्टहरु एउटै तरिकाले सर्ने गर्छन् । हाल उपलब्ध प्रमाणले के देखाउँछ भने भाइरस मुख्यतः एकअर्काको नजिक, १ मिटरको दुरी भित्रको सम्पर्कमा आउने व्यक्तिहरुबीच सर्ने गर्छ । भाइरस भएको एरोसोल वा ड्रपलेटहरु स्वास फेर्दा वा प्रत्यक्ष रुपमा आँखा, नाक वा मुखको सम्पर्कमा आएमा मानिस संक्रमित हुन्छन् ।

हावा आउनजानका लागि राम्रो झ्यालढोकाको व्यवस्था नभएको र सामान्यतया धेरै समय व्यतित गरिने भिडभाड भएको बन्द कोठाका पनि यो भाइरस सर्नसक्छ । किनभने यस्तो अवस्थामा एरोसोल हावामै रहन्छन् वा १ मिटर भन्दा पनि पर जानसक्छन् । भारस लागेको कुनै सतह छोएपछि हात सफा नगरी आफ्नो आँखा, नाक वा मुख छोएको अवस्थामा पनि मानिस संक्रमित हुनसक्छन् ।

नयाँ आइरहेका भेरियन्टहरुका बारेमा र कुनै भेरियन्ट किन छिटो सर्ने गर्छन् भन्ने बारेमा थप अध्ययन–अनुसन्धानहरु भइरहेका छन् ।

## पहिलो र दोस्रो डोजबीच तीन महिना वा बढीको अन्तराल वा दूरि भएमा एस्ट्राजेनेका खोप ६५% मात्र प्रभावकारी हुन्छ ।


यो गलत हो । १२ हप्ता (३ महिना) भन्दा बढी अन्तराल हुँदा पनि एस्ट्राजेनेका (भ्याक्सजेभरिया)/एसआइआइ (कोभिसिल्ड) खोप कोभिड–१९ विरुद्ध ७८% प्रभावकारी भएको पाइएको छ ।

## कोभिड–१९ फाइभजी (5G ) मोबाइल नेटवर्कबाट फैलिन्छ

यो गलत हो । फाइभजी (5G) मोबाइल नेटवर्कले कोभिड–१९ फैलाउँदैन ।

रेडियो तरंग/मोबाइल नेटवर्कबाट भाइरस फैलिन सक्दैन । फाइभजी (5G) मोबाइल नेटवर्क नभएका धेरै मुलुकहरुमा कोभिड–१९ फैलिरहेको छ ।

संक्रमित व्यक्तिले खोक्दा, हाच्छ्यूँ गर्दा वा बोल्दा निस्कने स्वासप्रश्वासजन्य छिटाहरुबाट कोभिड–१९ सर्ने र फैलने गर्छ । भाइरस लागेको कुनै सतह छोएपछि आफ्नो आँखा, मुख वा नाक छोएमा पनि मानिस संक्रमित हुनसक्छ ।



**स्रोत : विश्व स्वास्थ्य सङ्गठन**

**प्रश्न र जिज्ञासाहरुका लागि सम्पर्क :**

हटलाइन टेलिफोन नम्बरहरु :
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
१११५, ११३३, १०९२

UNITED NATIONS NEPAL